# कृषि मेला, महोत्सव/प्रदर्शनी संचालन तथा व्यवस्थापन कार्यविधि ,२०७६

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश, नेपाल
वीरेन्द्रनगर, सुर्खेत

कृषि प्रसार अधिकृत
(अधिकृत स्तर आठौं)

सचिव

कृषि प्रसार अधिकृत

मा. विमला के.सी.
मन्त्री

## कृषि मेला, महोत्सव/प्रदर्शनी संचालन तथा व्यवस्थापन कार्यविधि ,२०७६

मा. मन्त्रीज्यूबाट मिति
२०७६/०९/२४ गते स्वीकृत

<u>प्रस्तावनाः</u> कर्णाली प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. ०७६/७७ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार "देखेपछि विश्वास बढ्छ" भन्ने कृषि प्रसारको सिद्दान्तलाई आत्मसाथ गर्दै कृषक तथा कृषि उत्पादनलाई सहयोग गर्ने नयाँ कृषि प्रविधिहरुको प्रदर्शन, अनुशरण तथा विस्तारमा सहजीकरण गर्न तथा कृषकहरुद्धारा उत्पादित र प्रशोधित कृषि उपजहरु प्रदर्शनमा राखेर उनीहरु बिच प्रतिस्पर्धा गराई उत्पादन वृद्धि गर्न उत्प्रेरित गर्ने उद्देश्यले संचालन हुने कृषि मेला/महोत्सव लाई व्यवस्थित गर्न बाञ्छनीय भएकोले मन्त्रालयले **कृषि मेला, महोत्सव/प्रदर्शनी संचालन तथा व्यवस्थापन कार्यविधि,२०७६** तयार गरेको छ ।

### <u>परिच्छेद -१</u>
### <u>प्रारम्भिक</u>

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस कार्यविधिको नाम "**कृषि मेला, महोत्सव/प्रदर्शनी संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६** " रहेको छ ।

(२) यो कार्य विधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(ख) "कार्यालय"भन्नाले मन्त्रालय अन्तर्गतका अनुदान प्रवाह गर्ने निकाय सम्झनुपर्छ।

(ग) "कार्यक्रम" भन्नाले भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र कार्यालयमा स्विकृत वार्षिक कृषि मेला महोत्सव तथा प्रदर्शनी अन्तर्गत संचालन गरिने कार्यक्रमलाई सम्झनुपर्छ।

(घ) "सहयोग रकम" भन्नाले कृषि मेला महोत्सव तथा प्रदर्शनी लागि संस्थालाई उपलब्ध गराइने रकमलाई सम्झनुपर्दछ ।

(ङ) "संस्था" भन्नाले कानूनी प्रकृया पुरा गरेर नेपाल सरकारका विभिन्न निकायहरु वा प्रदेश सरकारका निकायहरु वा स्थानीय तह अन्तरगतका अधिकार प्राप्त निकायहरु द्वारा विधिवत् रुपमा दर्ता भैई प्रमाण पत्र प्राप्त तथा नबिकरण भएका सहकारी, गैर सरकारी संघ संस्था, संगठन, महासंघ तथा कम्पनी समेत सम्झनु पर्दछ ।

(च) "प्रस्ताव" भन्नाले कृषि मेला महोत्सव तथा प्रदर्शनी लागि सहयोग रकम प्राप्त गर्नको लागी पेश गरेको कार्ययोजना सहितको आवेदन सम्झनुपर्छ।

कृषि प्रसार अधिकृत (अधिकृत स्तर आठौं)

सचिव

कृषि प्रसार अधिकृत

मा. विमला के.सी. मन्त्री

## परिच्छेद-२

## कृषि मेला, महोत्सव/प्रदर्शनी संचालन तथा व्यवस्थापन प्रक्रिया

३. **मन्त्रालय वा कार्यालय आफैले कृषि मेला, महोत्सव/प्रदर्शनी कार्यक्रम संचालन गर्नेः** (१) मन्त्रालय वा कार्यलयले आवश्यकता, औचित्य र सम्भावनाको आधारमा कृषि मेला, महोत्सव/प्रदर्शनी कार्यक्रम संचालन गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिम कार्यक्रम संचालन गर्दा वार्षिक स्विकृत बजेटको परिधिभित्र रही कार्यक्रम तथा क्रियाकलापहरुको लागत अनुमान सम्बन्धित कार्यालय प्रमुखबाट स्विकृत गरी कार्यक्रम आयोजक मूल व्यवस्थापन समिति तथा आवश्यकतानुसार उप-समितिहरु गठन गरी संचालन गर्न सकिनेछ।

(३) मन्त्रालय वा कार्यालयले कृषि मेला,महोत्सव/ प्रदर्शनी कार्यक्रम संचालन गर्न सम्बन्धित सरोकारवाला निकायहरुसंग आर्थिक तथा नैतिक रुपमा समन्वय तथा सहकार्य गर्न सकिनेछ ।

४. **अन्य संस्थाहरुको साझेदारीमा संचालन हुने कृषि मेला, महोत्सव/प्रदर्शनी कार्यक्रममा सहयोग :** (१) विभिन्न संस्थाहरुले आयोजना गर्ने कृषि मेला, महोत्सव/प्रदर्शनी कार्यक्रममा मन्त्रालय वा कार्यालयले स्विकृत वार्षिक बजेटको परिधिभित्र रही देहाय बमोजिमको रकम सहयोग गरी सह-आयोजक/प्रायोजक/पर्वदकको रुपमा रहने सक्नेछः

(क) पालिका स्तरः अधिकतम रु. १,००,०००/- (अक्षरुपि एक लाख सम्म ) |

(ख) जिल्लास्तर : अधिकतम रु. २,००,०००/- (अक्षरुपि दुई लाख सम्म) |

(ग) प्रदेश स्तर : अधिकतम रु. ५,००,००००/- (अक्षरुपि पांच लाख सम्म) |

(२) उपदफा १ बमोजिम विभिन्न संस्थाहरुले आयोजना गर्ने कृषि मेला, महोत्सव/प्रदर्शनी कार्यक्रममा रकम सहयोगको लागि सम्बन्धित संस्थाले कार्यक्रम संचालन गर्नु अघि कार्यक्रमको प्रस्ताव सहित रकम सहयोगको लागि मन्त्रालय वा कार्यालयमा निबेदन पेश गर्नुपर्नेछ र सम्बन्धित मन्त्रालय वा कार्यालयले स्विकृत बजेटको आधारमा रही के कति रकम कुन कुन शीर्षकमा खर्च गर्ने हो, सोहि अनुसार दुई पक्ष बीच सम्झौता गर्नुपर्नेछ।

(३) मन्त्रालय वा कार्यालयबाट सहयोग गरिने रकम मेला आयोजक संस्थाले स्टल, कृषकलाई पुरस्कार, कृषकको आतेजातेखर्च, कृषि सम्बन्धी प्रचारप्रसार लगायत कृषि सम्बन्धी प्रवर्दन कार्यक्रममा खर्च गर्न सकिनेछ।

(४) कार्यसम्पन्न प्रतिबेदन र खर्च बिल सहित रकम भुक्तानीको लागि मेला आयोजक संस्थाले निबेदन पेश गरेमा सम्झौतानुसार कार्यालय वा मन्त्रालयले भुक्तानी गर्नेछ ।

## परिच्छेद-३

## विविध

५. **बाधा अड्काउ फुकाउनेः- (१)** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार मन्त्रालयको हुनेछ ।

(२) यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

कृषि प्रसार अधिकृत

कृषि प्रसार अधिकृत (अधिकृत स्तर आठौं)

नि. सचिव

मा. विमला के.सी. मन्त्री